# गाउँ कार्यपालिकाको ३६औं बैठकको निर्णय

**प्रस्ताव तथा निर्णयहरुः**

१. सुरक्षित नागरिक आवासको नामावली संशोधन सम्बन्धमा।
२. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सम्बन्धमा।
३. विविध।

**निर्णय नं १.**

आ.ब. २०८०।०८१ का लागि गाउँपालिकाको स्वीकृत बार्षिक कार्यक्रम सुरक्षित नागरिक आवासका लागभग्राहीहरुको नामावली संशोधन गर्ने सम्बन्धमा वडाको निर्णय र सिफारिस भई आएकोले तपसिल बमोजिम गर्ने।

तपसिलः

| क स | साविक नामथर र ठेगाना | क स | संशोधित नाम थर र ठेगाना |
|---|---|---|---|
| १ | जित बहादुर परियार वडा नं ३ | १ | भुवन पुन वडा नं ३ |
| २ | जहर सिं वली वडा नं ५ | २ | कल्पना सार्की वडा नं ५ |
| ३ | धन बहादुर वली वडा नं ५ | ३ | श्री मनोज वली वडा नं ५ |
| ४ | हर्क बहादुर घर्ति वडा नं ६ | ४ | खिमि थापा वडा नं ६ |
| ५ | धन बहादुर घर्ति वडा नं ६ | ५ | निम बहादुर रोका वडा नं ६ |
| ६ | ९ मध्ये ८ पहिले छनौट भएको वडा नं ७ | ६ | शुसिल दमाई वडा नं ७ पछि छनौट भएको |

**निर्णय नं २.**

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय पूर्वाधार सहयोग कार्यक्रम संचालनका लागि स्थानीय तह छनौट सम्बन्धी मिति २०८१।०१।१७ को आशय पत्र आह्वानको सूचना अनुसार सो कार्यक्रममा यस गाउँपालिका सहभागी हुनका लागि सूचना अनुसार अनलाईन फाराम भरी कार्यक्रम कार्यान्वयन गर्न प्रस्ताव पेश गर्ने।

**निर्णय नं ३.**

रुन्टीगढी गाउँपालिकामा कार्यस्थल बनाई क्रियासिल रहेको संस्था आर आर एन रोल्पाले गाउँ कार्यपालिकाका सदस्यहरु तथा कर्मचारीहरुलाई पोषण सुधार परियोजना अन्तर्गत सहभागीतामुलक योजना तर्जुमा, सुशासन, तथा संचालित अन्य नमुना क्रियाकलाप र अन्तरक्रियाका लागि आयोजना गरेको अध्ययन अबलोकन भ्रमणमा आफ्नो संस्थाबाट सो शिर्षकमा विनियोजित बजेटबाट अपुग भएको रकम रु २,००,७७१/- (दुई लाख सात सय एकहत्तर रुपैया मात्र) गाउँपालिकाको समपुरक कोषबाट व्यवस्था गर्ने।

**निर्णय नं ४.**

रुन्टीगढी गाउँपालिकामा रहेको ब्याक हो लोडरको समय समयमा मर्मत गरेको विल भर्पाई अनुसारको जम्मा रकम रु रु ३,१०,७९३/- (तीन लाख दश हजार सात सय त्रियानब्बे रुपैया मात्र) भुक्तानि पाउँ भनि एस मार्केटिङ एण्ड सप्लायर्स घोराही दाङले निवेदन पेश गरेको हुँदा गाउँपालिकाको मर्मत सम्भार कोषबाट रकमको व्यवस्था गरी खर्च गर्ने।

**निर्णय नं ५.**

रुन्टीगढी गाउँपालिकाको वडा नं ८ मा मेलटाकुरा द्वारपानि सडक अन्तर्गत स्याला खण्डको रातमाटामा ग्राभेल गर्ने, होलेरीको पुरानो प्रहरी चौकीको स्थानमा निर्मित स्मारिका मर्मत सम्भार, होलेरी बजारमा रहेको भगवति मन्दिरको

जग्गा संरक्षण तथा प्राथमिक स्वास्थ्य केन्द्र जाने बाटोमा निर्मित मेशिनरी वालको थप सुधार गर्न इष्टिमेटका आधारमा काम गरी कन्टेन्जेन्सी खर्च शिर्षकबाट रकमको व्यवस्था गरी भुक्तानि गर्ने।

<u>निर्णय नं ६</u>

यस रुन्टीगढी गाउँपालिकाका विभिन्न वडाहरुबाट आर्थिक सहयोगका लागि आएका निवेदन माथि छलफल गर्दा निवेदकलाई परेको स्वास्थ्य समस्याको जटिलता, कमजोर आर्थिक अबस्था र घरको आयस्रोतलाई मध्यनजर गर्दै त्यसरी आर्थिक सहयोग माग गरि निवेदन दिएका तपसिलका व्यक्तिहरुलाई आर्थिक सहायता कार्यविधि, २०७९ बमोजिम दोहोरो सुविधा प्राप्त नहुने गरी आर्थिक सहयोग दिने।

तपसिलः

| क सं | नामथर | ठेगाना | समस्या तथा सहयोग मागको कारण | रकम |
|---|---|---|---|---|
| १ | याक कुमारी बोहरा | रुन्टीगढी ९ रोल्पा | मुटुको धडकनमा समस्या भई उपचाररत रहेको | रु.१०,०००/- |
| २ | सुनमति बुढा | रुन्टीगढी ९ रोल्पा | आन्द्रामा समस्या भई उपचाररत रहेको | रु.७,०००/- |
| ३ | उदिराम वली | रुन्टीगढी ९ रोल्पा | श्रीमतिको पाठेघरको नलि फुटेर उपचाररत रहेको | रु.७,०००/- |
| ४ | च्याङ्ग्री सार्की | रुन्टीगढी ६ रोल्पा | लामो समय देखि पेटको विरामी | रु.७,०००/- |
| ५ | दिपा परियार | रुन्टीगढी ९ रोल्पा | बाइक दुर्घटनामा दायाँ खुट्टामा गहिरो चोट भई उपचाररत रहेको | रु.७,०००/- |
| ६ | मिना बुढाथोकी | रुन्टीगढी ६ रोल्पा | मुटुमा समस्या भई उपचाररत रहेको | रु.१०,०००/- |
| ७ | तिल बहादुर घर्ति | रुन्टीगढी ३ रोल्पा | पित्त थैलीमा मासु पलाएको र सल्यक्रिया गर्नु पर्ने | रु.७,०००/- |
| ८ | डिल बहादुर वि क | रुन्टीगढी ३ रोल्पा | मुटुमा समस्या भई नियमित औषधि सेवन गर्नु पर्ने | रु.८,०००/- |

<u>निर्णय नं ७.</u>

संघीय सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रमतर्फ गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रममा रु १८,००,०००/- (अक्षरुपि अठार लाख रुपैया मात्र) विनियोजन भएकोमा उक्त बजेट लघुउद्यम विकास कार्यक्रम सहजकर्ताका रुपमा कार्यरत रहेका २ जना जनशक्ति तथा अन्य कार्यक्रमका लागि अपुग हुने देखिएकोले अपुग हुन आउने रकम रु ५,५०,०००/-  (अक्षरुपि पाँच लाख पचास हजार रुपैया मात्र) गाउँपालिकाको समपुरक कोषबाट विनियोजन गरि खर्च गर्ने।